# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाकोकार्यालय
## डडेल्धुरा
## सुदूरपश्चिम प्रदेश, नेपाल

अमरगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. : ०९६-४१०२२२
e-mail: ito.amargadhimun@gmail.com
info@amargadhimun.gov.np
website: amargadhimun.gov.np


**आन्तरिक आय बिज्ञापन करको ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना ।**

(चौथो पटक सूचना प्रकाशन मिति २०८२।०८।०३ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को (ग) मा भएको व्यवस्था, अमरगढी नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ७ र सो सँग सम्बन्धित अनुसूची ७ मा भएको व्यवस्था अनुसार अमरगढी नगरपालिकाको ठेक्का बन्दोवस्त भएको मिति देखि एक बर्ष सम्म आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) गर्नुपर्ने भएकोले नगर कार्यपालिकाबाट तोकिएको दररेटमा **बिज्ञापन कर उठाउने** ठेक्का लिन इच्छुक सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै सूचना यस कार्यालयको वेभसाइट www.amargadhimun.gov.np मा समेत हेर्न सकिनेछ ।

ठेक्काको विवरण

| ठेक्का नं. | ठेक्काको विवरण | बिज्ञापनकर तथा शुल्क उठाउन पाउने क्षेत्र | न्यूनतम ठेक्का अंक (मु.अ.कर बाहेक) | दरभाउपत्र फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| AM/DDL/SALES/04 - 2082/083 | **बिज्ञापन कर उठाउने** | अमरगढी नगरपालिका क्षेत्रभित्र सबै | ४,४५,५००। (अक्षरुपि चार लाख पैचालिस हजार पांच सय रुपैया मात्र) | १००० | कबोल अंकको २.५ % ले हुने आउने रकम |

**ठेक्का सम्बन्धी शर्तहरू :**

१.ठेक्कामा सहभागी हुन चाहने फर्म वा कम्पनीले माथि उल्लेखित न्यूनतम अंकमा नघट्ने गरी आ.व. ०८२/८३ को लागि फर्म/कम्पनीको नवीकरण भएको इजाजतपत्रको प्रतिलिपि, मु.अ. कर दर्ता प्रमाणपत्र र आ.व. ०८१/०८२ सम्मको कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp बाट प्रक्रिया पुऱ्याई E-Bidding गर्न सकिने छ र E-Bidding मार्फत बोलपत्रमा सहभागी हुने बोलपत्रदाताहरुले बोलपत्र फाराम दस्तुर बापतको रकम रु. १,०००।- (अक्षेरुपी एक हजार) यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि., डडेल्धुरामा रहेको आन्तरिक आम्दानी खाता नं. ४०२०१००३०१०१०००२ मा रकम जम्मा गरि सो बैंक भौचर समेत स्क्यानिङ्ग गरी Upload गर्नुपर्नेछ ।

२. खरिद गरिएका बोलपत्र फारामहरुको महलहरु स्पष्ट रुपमा अंक र अक्षर भरी प्रत्येक पानामा सहि छाप गरि तेस्रो पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp बाट प्रक्रिया पुऱ्याई Upload गर्न सकिनेछ । दर्ता भएका बोलपत्रहरु सोहि दिनको २:०० बजे उपस्थित बोलपत्र दाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ साथै फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा



२०८२।०८।०३
नि.प्रमुख प्रशासकीय अधिकृत

अमरगढी नगरपालिका
# नगर कार्यपालिकाकोकार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. : ०९६-४१०२२२
e-mail: ito.amargadhimun@gmail.com
info@amargadhimun.gov.np
website: amargadhimun.gov.np

परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

३. बोलपत्र फाराम साथ बोलपत्र जमानत बापतको रकम (कबोल अंकको २.५ % ले हुने आउने रकम) यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि., डडेल्धुरामा रहेको धरौटी हि.खाता नं. ४०२०१००३०३००००२ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको जमानीपत्र (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ। साथै बोलपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ।

५. यस कार्यालयको हितलाई ध्यानमा राखी प्राप्त भएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

६. बोलपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको ३०% ले हुन आउने रकम राष्ट्रिय वाणिज्य बैंक लि., डडेल्धुरामा रहेको विभाज्य कोष खाता नं. ४०२०१००३०६०१०००२ मा जम्मा गरेको सक्कल बैंक भौचर र ठेक्का अंकले बुझाउन बाँकी ७०% ले हुन आउने रकमको ठेक्का सम्झौता मितिले कम्तिमा १३ महिना म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको जमानतपत्रको सक्कल प्रति सम्झौताको बखत पेश गर्नु पर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

७. नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने मु.अ.कर, अग्रिम कर, आय कर लगायतका सम्पूर्ण करहरु ठेकेदार स्वयंले आफनो तर्फबाट बुझाउनु पर्नेछ। तसर्थ यस ठेक्का अंकमा त्यस्ता कुनै पनि कर रकमहरु समावेश गरिएको छैन।

८. ठेक्का अवधी नगरपालिकासँग ठेक्का सम्झौता भएको मितिले एक बर्षसम्म रहनेछ।

९. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। वा फोन नम्बर ०९६४१०२२२ मा सम्पर्क राख्न सकिनेछ।

१०. यस सूचनामा उल्लेख भएका शर्तहरुको अतिरिक्त बोलपत्र फाराम साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन्।

११. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

२०८२।०८।१२

नि.प्रमुख प्रशासकीय अधिकृत